# म्याग्दे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः१२ प्रकाशन मितिः

**भाग-२**

## गैर सरकारी संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि-२०७७

प्रमाणिकरण मितिः२०७७/०९/१६

# गैरसरकारी संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

गाउँसभामा पेश भएको मिति :२०७७/०९/१६
प्रमाणीकरण मिति : २०७७/०९/१६

**प्रस्तावना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको विकासको लागि श्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरण सहभागितात्मक रूपले गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्ने उद्देश्य लिएको छ ।

यस उद्देश्य पूर्तिका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २५ र टिप्पणी खण्डमा उल्लेखित प्रावधानका आधारमा स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा पर्ने विकास निर्माणको लागि उपभोक्ता समूह, गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरी ती मार्फत् उक्त कार्यहरू गर्नु गराउनुपर्ने व्यवस्था गरिएको छ । उपरोक्त नीतिगत व्यवस्थाको प्रभावकारिताको लागि म्याग्दे गाँउपालिका क्षेत्रभित्र काम गर्ने सम्पूर्ण गैह्र सरकारी संस्थासँगको सहकार्य, समन्वय, सहयोग, सहभागिता र परिचालनमार्फत विकासमा सहभागिता, कार्यन्वयनको पारदर्शिता र उद्देश्य प्रतिको जवाफदेहिता वृद्धि गर्दै समावेशी एवं मूलप्रवाहीकरणमार्फत समावेशी विकास एवं समन्यायिक प्रतिफल वितरण नीतिको अबलम्बन गर्नु अपरिहार्य भएको छ ।

"सँगै बसौं, सँगै काम गरौं र सँगै सेवा गरौं" भन्ने आधारमा समुदायको विकासमा सेवा एवं साझेदारी गर्ने उद्धेश्यबाट स्थापना भएका गैर सरकारी संस्थाहरूलाई स्थानीय तहको विकास कार्यमा सरिक गराउने, उनीहरूको प्रवर्द्धन, नियमन, निर्देशन, नियन्त्रण एवं कार्य सहजीकरणमा प्रभावकारिता ल्याउन तथा गैर सरकारी संस्थालाई विकासको संरक्षण प्रारूपमा स्थापित गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी म्याग्दे गाँउपालिकाको आठौं गाउँ सभाको बैठकबाट यो निर्देशिका लागु गरिएको छ ।

## परिच्छेद १
## लक्ष्य तथा उद्देश्य

१.१ लक्ष्य

स्थानीय शासन प्रक्रियामा स्वःस्फूत र स्वायत्त रूपमा गठित गैससको माध्यमद्वारा सामाजिक परिचालनबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् दलितहरू समेतको स्थिति तथा आर्थिक, सामाजिक स्तरमा सुधार ल्याई सुसंस्कृत, समतामूलक, सशक्त एवम् सहभागितात्मक प्रक्रियाद्वारा समुन्नत समाजको स्थापनाको लागि स्थानीय तह र गैर सरकारी संस्थाहरूबीच पारस्परिक सद्भाव अभिवृद्धि गरी सहयात्रीको रूपमा कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउनु यस कार्यविधिको लक्ष्य हुने छ ।

१.२ उद्देश्य

- स्थानीय तहका जनप्रतिनिधिहरूको सेवामुखी व्यवहार, सुसंस्कार र पारदर्शितामा जोड दिँदै सहभागितामूलक रूपमा स्थानीय तहबाट सञ्चालन गरिने विकास क्रियाकलापलाई गैसस र नागरिक समाजप्रति सम्वेदनशील र साझेदार बनाउने प्रणालीको संस्थागत विकासमा सहयोग पुर्‍याउने ।
- विकास प्रयासको पहुँच नपुगेका समुदाय र वर्गबाट हुने योगदानको कदर गर्दै सामाजिक तथा आर्थिक रूपमा तिनलाई आत्मनिर्भर र सशक्त बनाउने कार्यमा साझेदारको रूपमा काम गर्न सहयोग पुर्‍याउने ।
- सामाजिक-आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागिता, भूमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरूको निर्णय गर्ने अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुर्‍याउने ।
- म्याग्दे गाँउपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरूको अनुगमन, मूल्याङ्कन तथा नियन्त्रणको व्यवस्थापन गर्ने ।

- म्याग्दे गाँउपालिका क्षेत्रभित्रका समस्त गैर सरकारी संस्थाहरूको गतिविधि तथा क्रियाकलापहरूलाई म्याग्दे गाँउपालिका नीति तथा कार्यक्रम अनुरूप नै मूल प्रवाहीकरणमा ल्याउने ।
- युवा लक्षित कार्यक्रमा जोड दिने र स्वदेशी पेशा व्यवसायलाई प्रोत्साहन गर्ने ।

म्याग्दे गाँउपालिका, तनहुँ

# परिच्छेद २
# गैरसरकारी संस्था परिचालन सम्बन्धी सिद्धान्त, रणनीति तथा नीति

**२.१ गैसस परिचालन सम्बन्धी सिद्धान्तहरू :** गैसस परिचालन सम्वन्धमा म्याग्दे गाँउपालिका तथा गैसस दुवैपक्षले अवलम्वन गर्नुपर्ने निर्देशक सिद्धान्तहरू:

१. गाँउपालिका र गैससले एक अर्काको भूमिकालाई स्वीकार र सम्मान गर्ने ।
२. सबल र कमजोर पक्षको बुझाइबाट एकअर्काको सबल पक्ष बढाउन सहयोग गर्ने ।
३. असमझदारी र अविश्वास हटाई विकासका चुनौतिहरूलाई वस्तुगत समझदारीबाट सम्बोधन गर्ने ।
४. गाँउपालिका र गैसस बीचको सम्बन्धहरू पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक हुनुपर्ने ।
५. दुवै पक्षहरू दलगत राजनीतिक बन्धनबाट टाढा रहने ।
६. कार्यक्रम तर्जुमादेखि कार्यान्वयन तहसम्म लक्षित समुदायको संलग्नता हुनुपर्ने ।
७. कार्यक्रम सुरु हुनु अगावै यसको अवधारणा प्रष्ट र लक्षित समुदायसित छलफल भएको हुनुपर्ने ।
८. समाजका कमजोर पक्षलाई सबल बनाउन ध्यान दिएको हुनुपर्ने ।
९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपालको संविधान २०७२ भाग १७ को मूल मर्मलाई आत्मसात गर्नुपर्ने ।

**२.२ म्याग्दे गाउँपालिका गैर सरकारी संस्थाहरूको परिचालन सम्बन्धी निम्नानुसारको रणनीति अवलम्वन गर्ने छ :**

क) गैरसरकारी संस्थालाई म्याग्दे गाउँपालिका क्षेत्रको विकासको निम्ति विकासको साझेदार एवं जिम्मेवार क्षेत्र वा तहको रूपमा लिने र सोहीअनुसार संस्थागत गर्ने नीति लिइनेछ ।
ख) गैरसरकारी संस्थाका प्रमुख कार्यक्षेत्र एकिन गरी सो कार्य एवं क्षेत्रमा केन्द्रित रूपमा परिचालन गरिनेछ ।
ग) गैरसरकारी संस्थाहरूको कामको मूल्याङ्कन गरी थप प्रोत्साहित एवं प्रभावकारी रूपमा उनीहरूलाई अगाडि बढाइने छ ।
घ) गैरसरकारी संस्थाहरूलाई क्षमता विकास एवं अन्य सहयोग पुर्‍याउन प्रवर्द्धनकारी भूमिका निर्वाह गरिनेछ ।
ङ) गैरसरकारी संस्थाहरूलाई लक्षित वर्ग, जोखिमग्रस्त समुदाय एवं पिछडिएको क्षेत्रमा काम गर्न प्रोत्साहित गरिनेछ ।

**२.३ गैसस परिचालन सम्बन्धी नीतिहरू :** उपरोक्त रणनीतिहरू पूरा गर्न निम्नानुसारको नीतिहरू अवलम्वन गरिने छ :

- स्थानीय तहद्वारा सञ्चालन हुने कार्यमा गैससहरूको सहभागिता र साझेदारी अभिवृद्धि गर्ने ।
- सामुदायिक तथा सार्वजनिक श्रोत र साधनमाथिको पहुँच तथा नियन्त्रण र निर्णय प्रक्रियामा गैसस-नागरिक समाजको साझेदारी र सहभागिता वृद्धि गर्ने ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदाय तथा महिलाहरूप्रति सकारात्मक विभेद कायम गर्न बल पुर्‍याउने ।
- राजनीतिक आग्रह र पूर्वाग्रहलाई निरुत्साहित गर्दै स्थानीय गैसस तथा सामुदायिक सङ्घ-संस्थाहरूलाई परिचालन गर्ने ।
- सरकारी, गैरसरकारी, निजी तथा दातृ संस्थाहरूको गैसस क्षमता अभिवृद्धि गर्ने प्रयासलाई समन्वय र एकीकृत गर्न सघाउ पुर्‍याउने ।
- स्थानीयस्तरमा छरिएर रहेका गैससहरूको समन्वयात्मक संयन्त्र तयार गरी संस्थागत सुदृढीकरणमा सहयोग पुर्‍याउने ।
- गैससको दर्ता/नवीकरण प्रणाली सुदृढ गरी स्थानीय स्तरमा सुदृढ तथ्यांकमा आधारित सूचना व्यवस्था (database) तयार गरी अभिलेख व्यवस्थित गर्न सघाउ पुर्‍याउने । संस्था दर्ता र नवीकरणमा गैसस महासङ्घको सिफारिस र सम्पुर्ण गैससहरूलाई गैसस महासङ्घमा आवद्धताको व्यवस्था गर्दै जाने ।

- गैरसरकारी क्षेत्रको तुलनात्मक लाभ, प्रतिस्पर्धात्मक नवीन सोच र सिकाइहरूको अत्यधिक उपयोग गर्नमा मद्दत पुऱ्याउने ।
- गैससहरूको सुशासन, व्यवस्थापन र संस्थागत विकासमा सहयोग पुऱ्याउने ।
- विकासको जिम्मेवार सहयात्रीको रूपमा पारस्परिक सहयोग वृद्धि गर्ने ।
- गैससको लेखाजोखा प्रणाली पारदर्शी गराई लेखापरीक्षण व्यवस्थित गर्न सघाउ पुऱ्याउने ।
- गैससहरूको सामाजिक परीक्षण, कार्यस्थलमा सार्वजनिक लेखापरीक्षण, समन्वय बैठकको व्यवस्था अवलम्वन गराउने ।
- गैससहरूको अर्धवार्षिक, वार्षिक रूपमा गैससहरूको कार्यक्रमको प्रगति प्रतिवेदनको प्रस्तुतीकरणको व्यवस्था अवलम्वन गराउने ।

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद ३
## गैरसरकारी संस्थाको कार्यक्षेत्र, प्रकार र गैससको अपेक्षित भुमिका

३.१ गैरसरकारी संस्थाहरूको परिचालन गर्दा भौतिक पूर्वाधार निर्माण गर्ने भन्दा उनीहरूको कामको प्रमुख क्षेत्र एवं कार्यको प्रमुख क्षेत्र निम्नानुसार हुने छ :

- क) भौतिक पूर्वाधार निर्माणमा सरकारी लगानी केन्द्रित हुने हुँदा गैरसरकारी संस्थाहरूको लगानी मुल रूपमा सामाजिक विकासको पूर्वाधार निर्माण सम्बन्धी क्रियाकलापहरू
- ख) जनचेतना बृद्धि एवं निर्माण गर्ने कार्यहरू
- ग) महिला, दलित, मधेशी, अपांग, बालबालिका, बृद्ध, मजदुर, किसान जस्ता पिछडिएका वर्ग एवं समुदायको अधिकार, न्याय, पहुँच, नियन्त्रण बढाउने कार्यहरू,
- घ) लक्षित वर्ग एवं पिछडिएको क्षेत्रको न्याय एवं विकासको लागि बहस, पैरवी गर्ने सम्बन्धी कार्यहरू
- ङ) लक्षित वर्गको आय आर्जन क्षमता बढाउन कृषि, पशु, सीपमूलक तालिम सम्बन्धी कार्यहरू
- च) जनसाधारणको साक्षरता, शिक्षा, चेतना बढाउन अभियान वा विशेष कार्यक्रम सम्बन्धी कार्यहरु
- छ) जनताको स्वास्थ्य, सरसफाई, प्राकृतिक श्रोतको संरक्षण, वातावरण जस्ता पक्षको प्रवर्धन गर्ने सम्बन्धी कार्यहरु
- ज) लक्षित वर्गको मानव अधिकार, जोखिममा रहेका पक्षको राहत एवं पुनस्थापना गर्ने सम्बन्धी कार्यहरू
- झ) अन्य खेलकुद, सामाजिक भेद्भावको अन्त्य गर्ने लगायतका सामाजिक, सांस्कृतिक, धार्मिक आदि कार्यहरू

३.२ **उपदफा ३.१ का अतिरिक्त गैरसरकारी संस्थाहरूको कार्यक्षेत्र मूख्यतः** दलित, मधेसी, महिला, बृद्ध, अपाङ्ग, वालबालिका, एकल महिला, मुस्लिम, जनजनाति, पिछडिएको वर्ग एवं क्षेत्रका समुदाय आदिलाई केन्द्रित गरी विपन्नता नक्शाङ्कनमा पछाडि रहेका वर्गमा विशेष प्राथमिकताका साथ गैससहरूलाई परिचालन गर्न जोड दिइनेछ ।

३.३ **गैरसरकारी संस्थाहरूको वर्गीकरण** : गैरसरकारी संस्थाहरूको वर्गीकरण निम्नानुसार गरिनेछ :

- १) पेशागत संस्थाहरू जस्तै तालिम, परामर्श तथा अनुसन्धान गर्ने संस्थाहरू
- २) सामुदायिक विकाससम्बन्धी संस्थाहरू
- ३) महिला तथा बालबालिकासम्बन्धी संस्थाहरू
- ४) मानव अधिकारको प्रबर्द्धन गर्ने संस्थाहरू
- ५) कृषि, वन, तथा वातावरण सम्बन्धी काम गर्ने संस्थाहरू
- ६) जन स्वास्थ्य सम्बन्धी काम गर्ने संस्थाहरू
- ७) अन्य संस्थाहरू (क्लब, आमा समूहहरू, उपभोक्ता समूह, आदि)

३.४ **म्याग्दे गाउँपालिकाको गैसससँगको अपेक्षा**

नागरिक समाज र गैसस लगायत माथि उल्लिखित पृष्ठभूमिका आधारमा यस कार्यविधिले गैससहरूको सहभागिता वा तिनीहरूबाट सञ्चालन हुने कार्यमा गैससका तर्फबाट केही अपेक्षाहरू राख्दछ ।

स्थानीय स्तरमा गैसस, नागरिक समाज, सरकार र लक्षित समूहबीचको अन्तरसम्बन्ध, अन्तरनिर्भरता र परिपूरकता अभिवृद्धिको लागि गैससहरूबाट देहायबमोजिमको भूमिका र मान्यता अपेक्षा गरिएको छ ।

१. सामाजिक विकासका लागि सहयोगीको भूमिका
२. आवधिक योजनाको लक्ष्य पूर्तिमा सहयोगीको भूमिका
३. सामाजिक परिचालन र सहभागिता प्रवर्द्धनको भूमिका
४. दबाब समूहको रूपमा पारदर्शिता कायम गर्न तथा गरिबी उन्मूलन गर्ने सम्बन्धी नीतिको तर्जुमा र कार्यान्वयन गर्न सहयोगीको भूमिका
५. स्थानीय तह र विषयगत शाखाहरूसितको निरन्तर सम्पर्क र अन्तरक्रिया तथा प्रक्रियात्मक सुधारमा सहयोगीको भूमिका
६. सरोकारवाला संस्थाहरूबीचको सम्पर्क र सिकाइ आदानप्रदानमा सहयोगीको भूमिका
७. समुदाय र सेवाबीच माग श्रृजनामा उत्प्रेरकको भूमिका
८. दलित एवं पिछडिएका वर्गको उत्थान र मूलप्रवाहीकरणमा सहजकर्ताको भूमिका

९. महिला, युवा, वृद्ध, असहाय, अशक्त र अपांगहरूको उत्थान/सशक्तिकरणका लागि सहजीकरणको भूमिका
१०. मानव संशाधन विकास, सचेतना र सिप विकासमा सहजीकरणको भूमिका
११. आ-आफ्नो विशिष्टीकृत विषय अनुरूप कार्य सञ्चालनको प्रयासबाट दोहोरोपना हटाउन सहयोग पुऱ्याउने भूमिका
१२. संजाल **(Networking)** निर्माण र स्वच्छ प्रतिस्पर्धाको वातावरण श्रृजनामा सहयोगीको भूमिका
१३. सरोकारवालासितको सहकार्य एवं सहयोगमा पारदर्शिता र आत्मविश्वासको अभिवृद्धिमा सहयोगीको भूमिका
१४. सामाजिक अन्तरसम्बन्ध, अन्तरनिर्भरता र परिपूरकतालाई बढावा दिने भूमिका
१५. गैरसरकारी संस्था, तिनका पदाधिकारी एवम् सदस्यहरूको आचारसंहिताको पालना (अनुसूची-१३) मा तदारुकता कायम गर्ने भूमिका
१६. समुदाय, दातृसंस्था र सरकारी तह बीच मध्यस्थता गर्ने पुलको रूपमा सहयोगीको भूमिका

म्याग्दे गाउँपालिका, तनहुँ

## परिच्छेद ४
## गैरसरकारी संस्थाको परिचालन समिति गठन र यसको काम कर्तव्य एवं अधिकार

४.१ गैससहरूसँग समन्वय गर्न, विकासमा साझेदारी विकास गर्न गैसस महासङ्घ नेपाल जिल्ला कार्य समितिको सहभागितामा गाउँपालिकास्तरीय गैर सरकारी संस्था परिचालन समिति गठन गरिनेछ :

क) अध्यक्ष : गाँउपालिका अध्यक्ष

ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति

ग) सदस्य : गैसस महासङ्घ जिल्ला कार्य समितिको अध्यक्ष/गाँउपालिका गैसस फोकल पर्सन ।

घ) सदस्य : गैसस क्षेत्र हेर्ने सामाजिक शाखाको प्रमुख

ङ) सदस्य : समितिले मनोनित गरेका गैसस क्षेत्र एवं नागरिक समाजका क्षेत्रबाट बढीमा २ जना मनोनित गरेका व्यक्तिहरू (यसरी मनोनित गर्दा उक्त क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्ति तथा संस्थाको तर्फबाट गैसस महासङ्घमा आवद्ध रहेकाहरू संस्थाहरूमध्येबाट गैसस महासङ्घ जिल्ला कार्य समितिको सिफारिसमा यस समितिले मनोनित गर्ने छ ।

**४.२ गैसस परिचालन समितिका काम, कर्तव्य र अधिकार**

क) गैरसरकारी संस्थाहरू परिचालन सम्बन्धी नीति तर्जुमा एवं समसामयिक परिमार्जन गरी स्वीकृतीका लागि गाउँ कार्यपालिका बैठकमा पेस गर्ने

ख) गैससहरूका बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिका बैठक एवम् गाउँ सभामा पेस गर्ने

ग) गैरसरकारी संस्थाहरूको लागि सहयोग प्राप्त हुने वातावरणको विकासको लागि सहयोग पुऱ्याउने,

घ) गैससहरूको क्षमता विकासमा सहयोग पुऱ्याउने

ङ) गैससहरू वीच एवं गैसस र स्थानीय तह एवं विषयगत कार्यालयसँगको समन्वय, साझेदारी र सहयात्राको वातावरण सिर्जना गर्ने

च) गैससहरूको अनुगमन उनीहरूका कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई उचित नियमनका उपायहरू अपनाउने

छ) गैससका कार्यहरूको मूल्याङ्कनका आधार, सूचक, एवं कार्यविधि र ढाँचा समेत तयार गर्ने

ज) गैससहरूको परिचालन एवं व्यवस्थापन सम्बन्धी आवश्यक फाराम, ढाँचा, कार्यविधि तयार गर्ने

झ) अन्य :

१. गैसस सम्बन्धी नीति नियम/कार्यविधि/विनियम तय गरी गैसस परिचालन समितिवाट पास भै गाँउकार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने तथा गराउने ।

२. गैससको सक्रिय सहभागिताका लागि संरचना र प्रक्रिया निर्धारण गर्ने र उपयुक्त स्तरबाट स्वीकृत गराउने ।

३. वार्षिक तथा आवधिक विकास योजनामा गैससको भूमिका र योगदानको लेखाजोखाका साथै कार्यक्रमहरूको मिलनविन्दु (convergence) हेर्ने तथा त्यसमा गैसस पक्षलाई यथेष्ट रूपमा समावेश गर्ने वातावरण श्रृजना गर्न ।

४. गैसस कार्यक्रम तयार गर्ने, त्यस्ता कार्यका लागि वित्तीय र प्राविधिक श्रोत जुटाउने र वार्षिक कार्यक्रममा समावेश गर्ने ।

५. पिछडिएका वर्ग र क्षेत्रका महिला तथा बालबालिकाको हित र लैङ्गिक समानता जस्ता सामाजिक विषयहरूमा कार्यक्रमहरू कार्यान्वयन तथा अनुगमनका लागि गैससहरूसँग समन्वय गर्नुका साथै आवश्यक सहयोग पुऱ्याउने ।

६. गैससका सन्दर्भमा सम्वन्धित सरोकारवाला संस्था तथा कार्यक्रमहरूसँग सञ्जाल स्थापना गर्न सहयोग पुऱ्याउने ।

७. गैसस संलग्न रहेको कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा समीक्षा गरी प्रतिवेदन सम्बन्धित समितिमा पेस गर्ने ।

८. गैससहरूको लेखापरीक्षण, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण र वार्षिक प्रतिवेदनहरूको अभिलेख र विश्लेषण गर्ने ।

९. क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न म्याग्दे गाउँपालिका सँग समन्वय गर्ने ।
१०. गैसस सम्बन्धी तथ्याङ्क, सूचना सकंलन गर्ने वा सो कार्यमा सहयोग र समन्वय गर्ने
११. जिल्ला समन्वय समिति/जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी गैसस एवं तिनका गतिविधि र कार्यक्रमहरू र अभिलेख राख्ने, गैससहरूको वर्गीकरण तथा सूचीकृत गर्ने र जिल्ला प्रशासन कार्यालयलाई (अनुसूची-१० अनुसार) तथ्यांक अभिलेख राख्न आवश्यक सहयोग गर्ने ।
१२. जिल्ला भित्र हुने विकास कार्यक्रममा म्याग्दे गाउँपालिका र गैससले संयुक्त रूपमा काम गर्ने गराउने आधारहरू तोक्न म्याग्दे गाउँपालिका को वोर्ड बैठकमा सिफारिस गर्ने र भएका निर्णयहरू लागु गराउने।
१३. गैससका लागि वकालत तथा पृष्ठपोषण (Lobby) गर्ने ।
१४. गैससको कार्य सञ्चालनका आधारमा मान्यता (accreditation) दिने र दर्ता/नवीकरणको सिफारिस (अनुसूची-१४) मा उल्लेख भएको कागजातहरूको आधारमा (अनुसूची-१५) बमोजिम सिफारिस गर्ने ।
१५. स्थानीय स्तरमा गठन भएका सामुदायिक सङ्घ-संस्थाहरूको प्रवर्द्धनमा सहयोग र समन्वय गर्ने ।
१६. गैसस परिचालन समितिको बैठकमा आवश्यकता अनुसार गैससको अध्यक्ष, उपध्यक्ष, सचिव र अन्य सदस्य तथा गैसस सम्बन्धी कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरूलाई आमन्त्रण गर्ने ।
१७. गैसस, उपभोक्ता समूह, सामाजिक संस्थाहरूलाई विषयगत आधारमा वर्गीकरण गरी सूचीकृत गर्ने ।
१८. आवश्यकतानुसार कार्य सञ्चालन गराउन अध्यक्षको सिफारिसमा कार्यदल गठन गर्न सक्ने र विशेष सेवा लिन सक्ने ।
१९. आवश्यकतानुसार कार्यदलको काम, कर्तव्य र अधिकार तोक्ने ।
२०. अन्नपूर्ण गाँउपालिकामा कार्यरत गैससहरूका प्रतिनिधिमूलक संस्थाहरूसँग समन्वय गर्ने ।
२१. गैसस सहयोगी दाताहरूको (Donor) पहीचान गरी यस समितिले गैसस महासङ्घ मार्फत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरूसङ्घ पहुंच वढाउने ।

**४.३ अध्यक्षको काम कर्तव्य र अधिकार :** समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

१. समितिको बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने ।
२. बैठकमा समितिको प्रतिवेदन र प्रस्ताव पेस गर्ने, गराउने ।
३. समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा सम्वन्धित कार्यहरूमा आवश्यक समन्वय गर्ने ।
४. विषयगत योजना तर्जुमा समिति र एकीकृत योजना तर्जुमा समितिको बैठकमा भाग लिने तथा लिन लगाउने ।
५. समितिको विशेष कार्यक्रमहरू सञ्चालन गर्न वित्तीय श्रोत जुटाउने/परिचालन गर्ने ।
६. गैससका माध्यमबाट सञ्चालन हुने वार्षिक कार्यक्रम तर्जुमा गरी सम्बन्धित विषयगत समितिसँगको गैससमहासङ्घ मार्फत समन्वय गरी जिसस समक्ष पेस गर्ने र ततपश्चात् गैससबाट सञ्चालन हुने गरी स्वीकृत भएका कार्यक्रमहरूको कार्यान्वयन गराउने र त्यसको अनुगमन तथा समीक्षा गर्ने गरी जिससको समीक्षा बैठकमा पेस गर्ने ।
७. समितिका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता बढाउने ।
८. बैठकहरू सहभागितात्मक रूपमा सञ्चालन गर्ने गराउने ।
९. आवश्यकतानुरूप प्रतिवेदन पेस गर्ने, गर्न लगाउने ।

**४.४ सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** समितिका सदस्य - सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

१. अध्यक्षको सल्लाह अनुसार बैठक वोलाउने, कार्यसूची (एजेण्डा) तयार गर्ने, बैठकमा निर्णयार्थ पेस गर्ने ।
२. बैठकको निर्णय माइन्युट गर्ने र बाँड्ने ।
३. समितिसँग सम्वन्धित सूचना, तथ्याङ्क तथा अभिलेखहरू दुरुस्त राख्ने र अद्यावधिक गर्ने ।
४. गैसस सम्बन्धी विवरणहरू सूचना केन्द्रमा समेत उपलब्ध गराउने र रेकर्ड बनाउने ।
५. अध्यक्षले तोकेको दायित्व वहन गर्ने ।

६. गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखा वा अन्य इकाईहरूसँग समन्वय गर्ने ।

**४.५ सदस्यको काम, कर्तव्य र अधिकार** : समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

१. समितिले सुम्पिएको जिम्मेवारी वहन गर्ने ।
२. बैठकमा उपस्थित भई विषयवस्तुको छलफलमा सक्रियतापूर्वक भाग लिने ।
३. बैठकको निर्णयलाई कार्यान्वयन गर्ने ।
४. बैठकमा निर्णयका लागि मतदान गर्ने ।
५. समितिलाई तोकिएको समग्र कामहरूलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।
६. आफ्नो क्षेत्रमा संचालित गैससहरू बारेको जानकारी छलफलमा ल्याउने ।
७. आफ्नो क्षेत्रमा गैससबाट संचालित कार्य र अन्य कार्यहरूबीचको दोहोरोपना हटाउने वा एकीकृत गर्ने प्रस्ताव गर्ने ।

**४.६ गैसस परिचालन समितिको बैठक एवं अन्य कार्यविधिः**

क) यस समितिको बैठक कम्तिमा प्रत्येक २ महिनामा र आवश्यकता अनुसार जुनसुकै अवधिमा पनि बस्न सक्नेछ ।
ख) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले समितिको बैठक बोलाउनु पर्ने छ ।
ग) सामान्यतः समितिको बैठक गाँउपालिकाको सभाहलमा बस्नेछ र बैठकको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यको उपस्थितिलाई जनाउनेछ ।
घ) बैठकका निर्णयहरू मूल रूपमा सर्वसहमति अनुसार गर्नुपर्ने छ, तर विचारहरू विभाजित हुने स्थिति भएमा उपस्थित सदस्यको बहुमतबाट निर्णय हुने छ ।
ङ) यस समितिको सचिवालय म्याग्दे गाउँपालिका कार्यालयमा रहने छ ।
च) यस समितिलाई प्रभावकारी रूपमा सहयोग गर्न एक उपसमिति रहने छ ।

**४.७ गैसस समन्वय उपसमिति** : गैसस परिचालन गाउँपालिकास्तरीय समन्वय समितिको काम, कारवाही एवं कार्यान्वयनमा सहयोग पुरयाउन निम्नानुसारको एक गैसस परिचालन उपसमिति रहने छ :

क) संयोजकः गैसस महासङ्घ जिल्ला कार्य समितिका अध्यक्ष
ख) सदस्य : गाँउपालिका कार्यालयका सामाजिक विकास शाखाका प्रमुख
ग) सदस्य : गैसस महासङ्घ जिल्ला कार्यसमितिले तोकेको प्रतिनिधि
घ) सदस्य : गाँउपालिकाले तोकेको प्रतिनिधि
ङ) सदस्य : गैसस परिचालन समन्वय समितिले तोकेको प्रतिनिधि

**४.८ गैसस परिचालन उपसमितिको काम, कर्तब्य र अधिकार** :

क) नीति, प्रस्ताव तथा कार्यक्रम तयार गरी समन्वय समितिमा पेस गर्ने
ख) गैससहरूको अभिलेख व्यवस्थापन गर्ने
ग) समन्वय एवं साझेदारी विकासका नियमित कार्य गर्ने
घ) वार्षिक कार्ययोजना तयार गर्ने
ङ) बैठक, छलफल, अन्तरक्रिया, समीक्षा जस्ता कार्यको व्यवस्था मिलाउने
च) अनुगमन कार्ययोजना तयार गरी गैससका कार्यको नियमित अनुगमन गर्ने
छ) समन्वय समितिले तोकेका एवं निर्देशन गरेका अन्य कार्य गर्ने

# परिच्छेद ५
# गैससका कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन

**५.१ गैरसरकारी संस्था एवं उनीहरूको कार्यको अनुगमन एवं मूल्याङ्कन निम्नानुसार हुने छ :**

क) गैरसरकारी संस्थाहरूबाट सम्पादित कार्यहरूको अनुगमन तथा मूल्याङ्कन सम्वन्धित संस्थाले गैसस समन्वय उप समिति मार्फत निरन्तर रूपमा गराउनु पर्ने छ । अनुगमन सम्वन्धि सम्पूर्ण खर्चहरू सम्वन्धित संस्था आफैले व्यहोर्नु पर्ने छ ।

ख) गैसस एवं उनिहरूको कार्यको अनुगमन तथा मूल्याङ्कन आवधिक रूपमा गाँउपालिका, जिल्ला प्रशासन कार्यलय, जिल्ला समन्वय समिति, गैसस महासङ्घ जिल्ला कार्य समिति, गैसस समन्वय उप समिति समेतले यस कार्यविधि एवं अन्य प्रचलित कानुन अनुसार गर्न सक्ने छन् ।

ग) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्याङ्कनको आधारमा प्राप्त प्रतिवेदन अनुसार गैससहरूले उनीहरूको कार्यमा सुधार ल्याउनु पर्ने छ ।

घ) गैससहरूको नियमित अनुगमन गर्न, कार्यमा दोहोरोपना हटाउन, आपसी समन्वय एवं कार्य साझेदारीलाई प्रवर्धन गर्न गाउँपालिका एवं गैसस परिचालन समितिले एक संयुक्त कार्यदल गठन गरी निरन्तर अनुगमन प्रणालीको स्थापना गर्न सकिने छ ।

ङ) गैससका कार्यको अनुगमन एवं मूल्याङ्कन गर्न सोको आधार, सूचक, अन्य उपयुक्त विधिहरू समेतको विकास गरी सो आधारमा उनीहरूको कार्य, उद्धेश्य र उपलब्धि वीचको सम्वन्ध समेतको विश्लेषण गरी अनुगमन एवं मूल्याङ्कन गर्नुपर्दछ ।

च) यसरी मूल्याङ्कन गर्दा अर्धवार्षिक प्रतिवेदन एवं कार्यस्थलको अध्ययन गरी अनुसूची ४ को प्रगति लेखाजोखा जाँचतालिका अनुसार गरिने छ ।

५.२ गैससहरूले सञ्चालन गरेका कार्यक्रमहरूको सम्बद्ध तहहरूको सहभागितामा संयुक्त अनुगमन एवं नियमित अनुगमन गर्ने व्यवस्था गैसस परिचालन उपसमितिले मिलाउनु पर्ने छ। अनुगमन कार्यको लागि सङ्घ संस्थाहरूले आफ्नो कार्यक्रममा रकम विनियोजन गर्नुपर्ने छ । संस्थाको अनुगमन कार्यको लागि सम्बन्धित संस्थाले आवश्यक आर्थिक व्यवस्था मिलाउनुपर्ने छ । अनुगमन पश्चात अनिवार्य रूपमा अनुगमन प्रतिवेदन तयार गरी समन्वय समितिमा पेस गरी सो उपर छलफलल गरी समितिले पृष्ठपोषण गर्नुपर्ने छ । र यस्तो पृष्ठपोषण सम्बन्धित संस्थाले पालना गर्नु पर्ने छ ।

## परिच्छेद ६
## गैरसरकारी संस्थाको प्रवर्द्धन, क्षमता विकास र नियमन

६.१ गैससहरूको प्रवर्धन, क्षमता विकास र नियमन निम्नानुसार गरिनेछ :

क) गैससको स्थापना, दर्ता, नवीकरण जस्ता कार्यमा गैसस महासङ्घ जिल्ला कार्य समितिले सहजीकरण गर्ने छ एवं कार्यहरूको सरलीकरण गर्न सहयोग गर्ने छ ।

ख) गैससका कार्यलाई सहजीकरण गर्न म्याग्दे गाउँपालिकामा गैसस कक्ष स्थापना गरिने छ र सोको कार्य गर्न गैसस महासङ्घ जिल्ला कार्य समितिलाई तोकिने छ ।

ग) गैससहरूको कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रशंसापत्र, नगद वा अन्य पुरस्कार दिइनेछ र नकरात्मक कार्य गर्नेलाई सुधार गर्न प्रोत्साहित गरिनेछ । गैससलाई पुरस्कृत गर्ने प्रयोजनका लागि मूल्याङ्कनका आधार निम्न हुने छन् :

१. संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।
२. संस्थाको कार्यक्रमको दिगोपना बारे सम्बद्ध जनशक्तिलाई जानकारी भएको ।
३. गैसस सुशासान, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको ।
४. संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।
५. सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।
६. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।
७. कार्यहरू संख्यात्मक मात्र नभई गुणात्मक पनि भएको ।
८. आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।
९. सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।
१०. कार्यहरू तोकिएको समयमा सम्पन्न भएको जस्तै : विधान अनुसार बैठक, बैठको निर्णय अनसार कार्यन्वयन ।
११. कार्यहरूमा पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको ।
१२. वार्षिक रूपमा सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण भएको ।
१३. स्थानीय तह तथा गैसस महासङ्घ सँग समन्वय र सहकार्य गर्ने गरेको ।
१४. अन्य आवश्यक सूचकहरू समितिले बनाई अवलम्बन गरिने छ ।

घ) गैसस वा संलग्न जनशक्तिको क्षमता विकासको लागि गैसस समन्वय उप समितिले गैसस महासङ्घ जिल्ला कार्य समितिको समन्वयमा आवश्यक योजना बनाई म्याग्दे गाँउपालिका कार्यालयमा पेस गर्ने छ र स्वीकृत भएपछि सो अनुसारका क्षमता विकासका कार्यक्रमहरू लागु गर्ने छ ।

ङ) गैससहरूको नियमन गर्दा नकरात्मक विधि भन्दा सहजकारी, उत्तरदायीपूर्ण र सकरात्मक वातावरण सिर्जनाका माध्यमबाट गरिनेछ ।

च) जिल्ला भित्रका एवं वाह्या सहयोगदाताहरूलाई गैसस मार्फत कार्यक्रम कार्यान्वयन गर्न उचित पैरवी समेत तत्परताका साथ गरिनेछ ।

६.२ **गैससको आचारसंहिता** : गैससहरूको सामाजिक मर्यादा र जिम्मेवारी उच्च बनाउन अन्य कुराका अतिरिक्त अनुसूची-१७ बमोजिमको आचारसंहिता समेतको गैससहरूबाट पालना हुने अपेक्षा राखिएको छ । र उनीहरूको कार्यको मूल्याङ्कन गर्दा यस आचारसंहिता पालनाको स्तर समेतलाई आधार मानिनेछ ।

# परिच्छेद ७
# विविध

**७.१ गैसस विवरण सङ्कलन, अद्यावधिक र नवीकरण गर्ने :** स्थानीयस्तरमा गैससहरूको भूमिका प्रभावकारी बनाउन र तिनको क्षमता प्रयोगको आधारशीला तय गर्न विविध विषयहरूको विश्लेषणात्मक विवरण आवश्यक पर्दछ । यिनै विवरण र अन्य संलग्नताका आधारहरूबाट स्थानीय तह र नागरिक समाज तथा गैससबीचको समन्वयात्मक वातावरण तयार भई सहभागिता र प्रभावकारितामा वृद्धि हुन सक्दछ । यसका लागि अनुसूची-५, ६ र ७ बमोजिमका विवरण एवं अन्य प्रतिवेदनहरूलाई आधार लिनुपर्दछ ।

**७.२ गैसस अभिलेख :** गाउँपालिकामा कार्यरत गैससहरूको अभिलेख व्यवस्थापन गर्नुपर्ने छ । यस कार्यविधि बमोजिम तयार भएका हरेक विवरणहरूको वैज्ञानिक अभिलेखन गरिएको हुने छ । त्यसैगरी कार्य सञ्चालनमा संलग्न गैससका सम्बन्धमा कम्तीमा पनि निम्नानुसारको विवरण समेतको एवं अनुसूची-५ बमोजिम परियोजना फाइल र गैसस प्रोफाइल राख्नुपर्ने छ ।

१. परियोजना प्रस्ताव
२. अंक गणना तालिका
३. गैससको छनोट सम्बन्धी निर्णय
४. सम्झौता पत्र
५. बजेट प्रवाह सम्बन्धी विवरण
६. अनुगमन प्रतिवेदनहरू
७. संयोजन/बैठकको माइन्युट
८. परियोजना समापन प्रतिवेदन

**७.३ गैसस दर्ता र नवीकरण प्रक्रिया :** गाउँपालिका र गैसस महासङ्घ जिल्ला कार्य समितिको सिफारिसको आधारमा अनुसूची-१५ मा उल्लेख भए अनुसारको कागजात अनुसार अनुसूची-१६ अनुसार सस्था दर्ता र नवीकरणको लागि सिफारिस गरी गैससको प्रवर्धनमा सहजीकरण गरिनेछ । संस्था दर्ता तथा नवीकरण गर्नको लागि अनुसूचीमा उल्लेख भएको विवरण अनूसार गैसस महासङ्घ जिल्ला कार्य समितिको सिफारिस, विषयगत कार्यालय कार्यक्षेत्रको सिफारिस सहित संस्था दर्ता तथा नवीकरणको लागि पेस गरिनु पर्दछ ।

**७.४ गैसस विधानका मुख्य अवयवहरू :** गैरसरकारी संस्थाको कार्य आधार विधान भएको र विधान अनुरूप नै क्रियाकलाप र प्रक्रियाहरू निर्दिष्ट हुने हुँदा विधानमा रहनुपर्ने अत्यावश्यक विवरणहरू स्पष्ट र निम्नानुसारको न्यूनतम विवरण समेटेको हुनुपर्ने छ :

१. संस्थाको नाम
२. संस्थाको मुख्य कार्यालय रहने स्थान
३. संस्थाको लक्ष्य र उद्देश्य
४. संस्थाको कार्यक्रम तथा क्रियाकलापहरू
४. संस्थाको साधारण सदस्यताको योग्यता र वितरण प्रक्रिया
५. संस्थाको साधारण सभाको गठन, काम, कर्तव्य र अधिकार
६. कार्य समितिको गठन तथा निर्वाचन विधि, कार्यविधि, कार्य सञ्चालन, काम, कर्तव्य र अधिकार
७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार
८. संस्थाको कोष, आयस्रोत र लेखापरीक्षण
९. विधान संशोधनको प्रक्रिया
१०. विविध (संस्थापक सदस्यहरू र साक्षीहरूको नाम र मंजुरी सहितको दस्तखत, आदि)

**७.५ गैससलाई विकास कार्यमा संलग्न गराउने र छनोटका प्रक्रिया एवं आधारहरू :** विकास कार्यक्रमको कार्यान्वयन गर्दा गैसस मार्फत गराउन र साझेदारीमा गर्न जोड दिने र यस निम्ति प्रस्ताव आव्हान गर्ने र प्रस्तावको आधारमा उनिहरूको छनौट गर्नुपर्दछ । साझेदारीमा काम गर्न आव्हान गर्न अनुसूची १० बमोजिमको सूचना प्रकाशन गर्नुपर्दछ ।

छनौटका प्रक्रिया पारदर्शी र वस्तुनिष्ठ हुन सकोस् भनी न्यूनतम आधारहरू तय गरिएको हुनुपर्दछ, जसलाई अनुसूची-८ मा देखाइएको छ । यसका प्रक्रियाहरू पारदर्शी र व्यवस्थापन स्पष्टताका लागि अनुसूची-९ मा विस्तृत रूपमा छुट्याई उल्लेख गरिएको छ ।

**७.५.१ गैसस छनौट प्रक्रिया**

१. सूचनाहरूको सङ्कलन र तथ्याङ्क अद्यावधिक गर्ने
२. विश्लेषण र प्रारम्भिक सूचीकरण गर्ने
३. सङ्गठनात्मक सर्वेक्षण (संभव भएसम्म स्थानगत रूपमा) गरी स्थिति विश्लेषण गर्ने
४. अन्तिम छनौटका लागि मूल्याङ्कनका आधारमा तोकिएको दरमा अङ्क प्रदान गर्ने
५. कूल अङ्कका आधारमा उच्च अङ्क प्राप्त भएकोलाई सिलसिलेवार रूपमा वर्गीकरण गर्ने
६. अन्तिम छनौट गरी निर्णय सार्वजनिक गर्ने

**७.६ गैसस मूल्याङ्कन तथा छनौटका आधारहरू**

१. दर्ता भए/नभएको र नवीकरण स्थिति
२. स्थापना वर्ष र कार्य सञ्चालनमा संलग्न रहेको अवधि
३. सङ्गठनको लेखाजोखा (निर्णय प्रक्रिया, पारदर्शिता, क्षमता, आदि सम्बन्धी स्थिति)
- सामूहिक रूपमा काम गर्न सक्ने र संलग्नता राख्न सक्ने
- नेपाल सरकारका कार्यक्रम एवं सहश्राब्दी विकास लक्ष्यमा सघाउ पुग्ने कार्य गरेको
- दातृ पक्षमा मात्र सीमित र आश्रित वा आन्तरीक श्रोतमाथिको निर्भरता
- स्पष्ट सोच र उद्देश्यसहितको नेतृत्व
- सक्षम र अनुभवी सदस्य र कर्मचारीहरू रहेको
- पारदर्शी लेखा र सहभागितात्मक निर्णय व्यवस्थापन विद्यमान भएको
- महिला, पिछडिएको वर्ग, दलित, जनजातिको विकासको क्षेत्रमा पुर्याएको योगदान
- राम्रो सार्वजनिक पहिचान बनाइएको र शाखा कार्यालयको रूपमा नरहेको
- राम्रो सुपरीवेक्षण र अनुगमन व्यवस्था र सूचना अभिलेख रहेको
- ग्रामीण, पिछडिएको क्षेत्रमा काम गरेको वा गर्ने चाहना भएको

४. कार्यरत स्थान र कार्य प्रवृत्ति
५. कार्यक्रम सम्बन्धी स्पष्ट अवधारणा र लक्षित समूहको संलग्नताको वातावरण प्रस्तावित गरिएको
६. महिला, दलित, जनजाति तथा पिछडिएको वर्ग/क्षेत्रमा कार्यक्रम सञ्चालनमा जोड दिइएको
७. दक्ष/तालिम प्राप्त जनशक्तिको दक्षता, उपलब्धता तथा मानवीय संशाधन विकासमा जोड दिएको
८. विषय विशेषज्ञको सुविधा उपलब्ध हुन सक्ने भएको ।
९. कार्य सञ्चालन प्रक्रिया पारदर्शी भएको (वार्षिक बैठक, साधारण सभा र नियमित कार्यकारी समितिको बैठक), प्रजातान्त्रिक प्रतिनिधित्व (चुनाव, पारिवारिक मात्र होइन)
१०. स्थानीय तहसित समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने गरेको
११. स्थानीय स्रोत र साधन परिचालन गर्न सक्ने क्षमता
१२. सूचना तथा संचार प्रणालीको विकास र अभिलेख व्यवस्था भएको
१३. लेखा प्रणाली, चुस्त, दुरुस्त र भरपर्दो भएको, लेखापरीक्षण भइ सोको प्रतिवेदन भएको
१४. कार्यबोझ र स्रोत तथा जनशक्ति परिचालनबीच तालमेल भएको
१५. लेखा र कार्यक्रम विवरण राख्ने र प्रतिवेदन दिने व्यवस्था रहेको र आन्तरिक मूल्याङ्कन व्यवस्था भएको
१६. प्रशोचन क्षमता (absorptive capacity) भएको
१७. पूर्व सञ्चालित कार्यक्रमको उपलब्धि र सञ्चालन प्रक्रिया (track record) राम्रो भएको
१८. सञ्चालित कार्यको सामाजिक परीक्षण एवं सार्वजनिक परीक्षण गराएको

**७.७ गैसस परियोजना प्रस्तावको ढाँचा** : परियोजना प्रस्ताव ढाँचा यस कार्यविधिको अनुसूची-१ अनुसार हुनु पर्दछ । जसमा न्यूनतम् निम्न विवरणहरू समावेश भएको हुनुपर्दछः-

**क. प्राविधिक पक्ष**
- गैससको पृष्ठभूमि र वस्तुगत विवरण (Profile)
- कार्यस्थलको वस्तुस्थिति विवरण

- विगतका अनुभव र तत्कालीन संलग्नताका क्षेत्रहरू सम्बन्धी विवरण
- समस्याको पहिचान र तिनका कारणहरू
- रणनीति, मूल मुद्दा र खुड्किलाहरू
- अपेक्षित परिणामहरू
- समस्या समाधानका लागि प्रस्तावित कार्य र सो को कार्ययोजना
- लाग्ने जनशक्ति र समय सम्बन्धी प्रस्ताव
- कार्यदक्षताका सूचकहरू
- तार्किक सोच तालिका (ठूलो परियोजनाको लागि)
- अनुगमन प्रतिवेदन (कति, कसले, कहिले)
- विपन्न वर्ग (Disadvantaged Group र DAG), लैंगिक र वातावरणीय पक्ष

**ख. विस्तृत आर्थिक पक्ष**

- प्रस्तावित गतिविधिका लागि रकमको शीर्षकगत खर्च अनुमान
- सेवा प्रदायक/गैससस्तरमा अन्य साझेदारी पक्षको लगानी

**ग. संलग्न कागजात र विवरणहरू**

- संलग्न स्रोत व्यक्ति तथा अन्य जनशक्तिको वैयक्तिक फारम
- दर्ता प्रमाणपत्र
- विधान
- कार्यकारिणीका सस्यहरूको नामावली
- लेखापरीक्षण प्रतिवेदन
- अन्य कुनै उपयुक्त विवरण कागजात भए सो समेत
- प्रस्ताव पेस गर्न पदाधिकारी-/कर्मचारीको नाम, सही, पद र कार्यालयको छाप गैसस परियोजना प्रस्तावको ढाँचाको नमूना अनुसूची - १ मा दिइएको छ ।

**घ. गैसससंगको सम्झौतामा स्पष्ट हुनुपर्ने विषय र विधिहरू**

गैससस संझौता गरी कार्य गराउँदा अनुसूची-११, १२, १३ र १४ अनुसारको कार्यविधि पूरा गरी निम्न पक्ष समेतको आधार प्रष्ट पारेर गर्नुपर्दछ :

१. गैससको तलव भत्ता र कर्मचारी खर्चको रूपमा हुने कार्यहरू
२. व्यवस्थापन खर्च १० प्रतिशतमा नबढ्ने कुरा
३. कन्टिन्जेन्सी रकम १० प्रतिशतमा नबढ्ने कुरा
४. सामग्रीहरू खरिद गर्दा बजार मूल्यमा हुनुपर्ने कुरा
५. लैंगिक समानता र समान व्यवहार सम्बन्धी कुरा
६. लाभान्वित वर्गमा दिइने रकमको विवरण र रकम दिने प्रक्रिया
७. गैससको तर्फबाट साझेदारी/सहभागितात्मक रूपमा गरिने भएका लगानी रकम
८. कार्यक्रमको लेखाको सार्वजनिक लेखापरीक्षण सम्बन्धी व्यवस्था
९. तोकिएको TOR अनुरूपको समय र विषय क्षेत्र समावेश भई कार्य सञ्चालन हुनुपर्ने प्रावधानको उल्लेख
१०. अन्य कार्यक्रमहरूसितको समन्वय र संयोजन व्यवस्था
११. सूचकहरूको स्पष्ट निर्धारण र अनुगमन व्यवस्था
१२. प्रतिवेदन र सूचना प्रवाहको व्यवस्था
१३. कामको कार्यक्षेत्र, स्थानीय तहको उत्तरदायित्व, गैससको उत्तरदायित्व, उपभोक्ता समितिको उत्तरदायित्व, योजनाको लागत, अनुदान र जनसहभागिता रकम, हिसाब किताब, सूचना र प्रतिवेदन, मर्मत संभार कार्यक्रमको समयावधि (सुरु-अन्तिम मिति), सम्झौताकर्ताहरूको दस्तखत र नाम साक्षी समेत ।

**७.८ गैसस परिचालन कोष :**

अ) गैससहरूको परिचालन प्रभावकारी रूपमा गर्न देहाय बमोजिमको एक कोष रहने र सो कोषमा निम्न रकमहरू रहने छ :

क) गाँउपालिका बाट यस कोषमा उपलब्ध गराउने अनुदान रकम ।

ख) गैसस दर्ता र नवीकरण गर्दा प्रति संस्था थप शूल्क रु ५००/- तथा सिफारिसबाट प्राप्त हुने थप शुल्क ।

ग) गैसस महासङ्घ एवं विभिन्न गैससबाट प्राप्त हुने रकम ।

घ) दातृ पक्षबाट यस कोषको नाममा प्राप्त हुने रकम ।

ङ) गैससहरूलाई यसै कार्यविधिमा निम्न अनूसार तोकिएको आधारमा वर्गीकरण गरिनेछ । सो बमोजिम

आ) यस कोषको उपयोग निम्न कार्यहरूमा गर्न सकिनेछ :

क) गैससहरूको प्रवर्धन, गैसस महासङ्घ जिल्ला कार्य समितिको जनशक्ति व्यवस्थापन, संस्थाको क्षमता अभिवृद्धि एवं गैससहरूको विकास जस्ता कार्य ।

ख) अनुगमन, समन्वय र सहजकारी कार्य ।

ग) समन्वय समितिको निर्णयानुसारको कार्यको कार्यान्वयन गर्ने कार्य ।

घ) सामाजिक सेवा एवं सामाजिक प्रवर्द्धन कार्य ।

इ) कोषको सञ्चालन निम्नानुसार गर्न सकिने छ :

क) समन्वय समितिको निर्णयअनुसारको बैंक खातामा यस कोषको रकम जम्मा गरिनेछ ।

ख) कोषको खाता सञ्चालन गाउँपालिकाको प्रतिनिधि र गैसस महासङ्घको अध्यक्ष वा निजहरूले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुने छ ।

ग) कोषको लेखा व्यवस्थापन गैसस परिचालन उपसमितिमार्फत गैसस कार्य कक्ष (NGO Desk) मार्फत गरिने छ ।

म्याग्दे गाउँपालिका, तनहुँ

## अनुसूची-१

(दफा ७.७ सँग सम्बन्धित)

परियोजना प्रस्तावको ढाँचा (नमूना)

| | |
|---|---|
| **प्रस्तावित परियोजनाको नाम** ......................................<br>**परियोजना स्थलः**<br>**गाँउपालिका : म्याग्दे गाउँपालिका**<br>**वडा नं.** | **परियोजना प्रस्ताव तयार गर्ने**<br>**संस्थाः**<br>**दर्ता नं.ः**<br>**ठेगानाः**<br>**आधिकारिक सम्पर्क व्यक्ति** .................<br>**पदः**..................... **फोन**...................... |
| **परियोजना सुरु मितिः** | **परियोजना सम्पन्न मितिः** |

१. भूमिका (१ अनुच्छेद मात्र)
२. परियोजनाको समस्या र औचित्य
३. परियोजनाका उद्देश्यहरू
४. अपेक्षित उपलब्धिहरू
५. उपलब्धि प्राप्त गर्ने रणनीतिहरू
६. परियोजनाका क्रियाकलापहरू प्रतिफलका सूचकहरू
६.१
६.२
७. परियोजना कार्यान्वयनका प्रक्रियाहरू
७.१ क्रियाकलाप तर्जुमा र सहभागिता
७.२ अनुगमन र मूल्याङ्कन प्रक्रिया
७.३ रकम प्रवाह, किस्ता र आर्थिक व्यवस्थापन प्रक्रिया
७.४ सुपरिवेक्षण, प्रतिवेदन र परियोजना व्यवस्था
८. परियोजनाको लाभान्वित किसिम र समूह

| लाभान्वित किसिम | लक्षित | | | अन्य | | | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| प्रत्यक्ष | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |

९. सहभागिता/साझेदारी उपलब्ध हुन सक्ने स्रोत

| क्र.सं. | नगद | | वस्तुगत | | अन्य | |
|---|---|---|---|---|---|---|
| | आन्तरिक | बाह्य | आन्तरिक | बाह्य | आन्तरिक | बाह्य |
| | | | | | | |

१०. परियोजना खर्चको बाँडफाँड

| विवरण | गै.स.स | बाह्य/दातृ | नेपाल सरकार | जि.स.स/गा.पा | समुदाय | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वस्तुगत | नगद | जनश्रम | कूल जम्मा | | |
| **तलव आदि** | | | | | | | | | | |
| **सामग्रीहरु**<br>**१.** ........<br>**२. ढुवानी** | | | | | | | | | | |
| **उपकरणहरु** | | | | | | | | | | |

म्याग्दे गाउँपालिका, तनहुँ

| विवरण | गै.स.स | वह्य / दातृ | नेपाल सरकार | जि.स.स/गा.पा | समुदाय | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वस्तुगत | नगद | जनश्रम | कुल जम्मा | | |
| **प्राविधिक**<br>**१. सल्लाहकार**<br>**२. सामाजिक परिचालक**<br>**३. विषयगत प्राविधिक**<br>**४. अन्य** | | | | | | | | | | |
| **जनशक्ति**<br>**१. दक्ष**<br>**२. अदक्ष** | | | | | | | | | | |
| **तालिम** | | | | | | | | | | |
| **जम्मा रु** | | | | | | | | | | |
| **प्रतिशत** | | | | | | | | | | |
| **जम्मा लाभान्वित**<br>**पुरुष**<br>**महिला** | | | | | | | | | | |
| **प्रति लाभान्वित लागत खर्च रु** | | | | | | | | | | |
| **प्रथम किस्ता**<br>**दोस्रो किस्ता**<br>**तेस्रो किस्ता**<br>**मासिक**<br>**चौमासिक** | | | | | | | | | | |

नोटः किस्ताको लाइनमा मासिक, द्वैमासिक, चौमासिक के हो खुलाई प्रत्येक तहबाट त्यस्ता उपलब्ध हुने स्रोत समेत खुलाउने ।

११. परियोजनाको कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | खर्च | समय | | जिम्मेवार व्यक्ति | सहयोगी व्यक्तिरुइकाइ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | सुरु मिति | सम्पन्न मिति | | | |
| १<br>२ | | | | | | | |
